# नेपाल सरकार
## महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय
सिंहदरबार, काठमाडौं

**बाढी तथा मानवीय संकटसम्बन्धी दैनिक कार्य अपडेट**

मिति: १२ भदौ २०८३, शुक्रबार | २८ अगस्ट २०२६

बाढी तथा विपद्बाट सिर्जित मानवीय संकटका सन्दर्भमा यस मन्त्रालयले महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक तथा अन्य जोखिममा रहेका समुदायको संरक्षण र आवश्यक सहयोगका लागि सम्बन्धित सरकारी निकाय, स्थानीय तह, मानवीय संस्था तथा विकास साझेदारहरूसँग समन्वयलाई तीव्र बनाएको छ।

### आज मन्त्रालयबाट भएका प्रमुख पहल तथा समन्वय:

०१ नुवाकोटमा अलपत्र परेका करिब 40 विद्यार्थीको उद्धारका लागि सम्बन्धित निकायसँग समन्वय गरिएको छ।

०२ उद्धार गरिएका अभिभावकविहीन तथा अभिभावकबाट छुट्टिएका बालबालिकाको सुरक्षित संरक्षण, हेरचाह तथा उचित व्यवस्थापनका लागि आवश्यक योजना तर्जुमा प्रक्रिया सुरु गरिएको छ।

०३ विपद्को अवस्थामा महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा अन्य जोखिममा रहेका समूहको संरक्षणसम्बन्धी समन्वयलाई प्रभावकारी बनाउन Protection Cluster अन्तर्गत रहेका तीनवटै कार्य समूहको कार्ययोजनालाई अन्तिम रूप दिइयो ।

०४ राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरूले नेपाल सरकारले विपद् संकट ग्रस्त क्षेत्र घोषणा गरेका स्थानीय तहहरूमा प्रभावितहरूको राहत तथा पुनर्स्थापना सम्बन्धी कार्य गर्न आयोजना स्वीकृति प्रक्रियालाई सरलीकरण गर्ने निर्णय गरी बढीमा ४८ घण्टा भित्र समाज कल्याण परिषद्ले स्वीकृति दिने ।

०५ विपद्को अवस्थाको दुरुपयोग गरी हुन सक्ने मानव बेचबिखन तथा बालबालिकाको बेचबिखन तथा ओसारपसारको जोखिमबारे सार्वजनिक सूचना जारी गरिएको छ। साथै, प्रभावित क्षेत्रका सम्बन्धित निकायलाई थप सतर्कता अपनाउन आग्रह गरिएको छ।

०६ आपत्कालीन मानवीय सहायता छिटो परिचालन गर्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्था एवं मानवीय साझेदारहरूसँग समन्वयलाई तीव्र बनाइएको छ। समाज कल्याण परिषद्मार्फत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संघसंस्थाहरूलाई आवश्यक सहयोग परिचालनका लागि तयारी अवस्थामा रहन समन्वय तथा सूचना गरिएको छ।

## बाढी तथा मानवीय संकटसम्बन्धी दैनिक कार्य अपडेट

मिति: १२ भदौ २०८३, शुक्रबार | २८ अगस्ट २०२६

### प्रमुख पहल तथा समन्वय (क्रमशः):

०७ प्रभावित समुदायका लागि खाद्यान्न, त्रिपाल, कम्बल, म्याट्रेस, टेन्ट, भान्सा सामग्री, प्राथमिक उपचार सामग्री, डिग्निटी किट, हाइजिन किट, किशोरी किट, बालबालिकाका कपडा, डायपर तथा अन्य अत्यावश्यक राहत सामग्री परिचालनका लागि नेपाल रेडक्रस सोसाइटी तथा अन्य मानवीय साझेदारहरूसँग समन्वय भइरहेको छ। केही सामग्री प्रभावित क्षेत्रमा पुगिसकेका छन् भने केही वितरणका लागि तयारी अवस्थामा तथा पठाउने क्रममा छन्।

०८ नुवाकोटका प्रभावित परिवारका लागि शेल्टर किट, डिग्निटी किट, हाइजिन किट, किशोरी किट तथा बालबालिकाका कपडालगायत सामग्री परिचालन गरिएको छ। ३०० थान डायपर र २० थान टेन्ट बट्टारस्थित नेपाली सेनाको ब्यारेकमा पुर्याइएको छ।

०९ प्रभावित व्यक्तिहरूलाई मनोसामाजिक सहयोग उपलब्ध गराउन सम्बन्धित साझेदार संस्थाहरूसँग समन्वय गरिएको छ। आवश्यकता अनुसार टेलिफोन तथा प्रत्यक्ष रूपमा मनोसामाजिक परामर्श उपलब्ध गराउने व्यवस्था समेत तयारी अवस्थामा रहेको छ।

१० मन्त्रालयले विपद्बाट प्रभावित महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक तथा अन्य जोखिममा रहेका समुदायको सुरक्षा, संरक्षण, उद्धार, आवश्यक सेवा तथा मानवीय सहायता सुनिश्चित गर्न सम्बन्धित सरकारी निकाय, स्थानीय तह तथा राष्ट्रिय एवं अन्तर्राष्ट्रिय साझेदारहरूसँग निरन्तर समन्वय गरिरहेको छ।

**मन्त्रालयले विपद्बाट प्रभावित महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक तथा अन्य जोखिममा रहेका समुदायको सुरक्षा, संरक्षण र आवश्यक सहयोगका लागि सम्बन्धित निकाय तथा साझेदारहरूसँग निरन्तर समन्वय गरिरहेको छ।**